देवभूमी

Devbhumee National Daily

राष्ट्रिय दैनिक

वर्ष : ०१ अंक : ११ २०८० साल फागुन १३ गते आईतबार (25 FEB. 2024) पृष्ठ : ४ मूल्य रू : ५/-

योजनास्थलमा अझै राखिदैन् सूचना पार्टी

● देवभूमी सम्वाददाता

डडेल्धुरा-डडेल्धुराका विभिन्न स्थानहरुमा सरकारी निकायबाट कार्यान्वयन भइरहेका योजनाहरुको योजनास्थलमा सूचना पार्टी राखिएको छैन ।

अधिकांश साना-ठूला योजनाको योजनास्थलमा सूचना पार्टी राखेको पाइएको छैनन् । जसले गर्दा सरकारी विकासे कार्यालय तथा स्थानीय तहले सञ्चालन गर्ने त्यस्ता योजनाका विषयमा नागरिकले सामान्य जानकारीसम्म पाउँदैनन् ।

विकास निर्माणका योजना सञ्चालन गर्दा सार्वजनिक जानकारी दिन सूचना पाटी राख्नुपर्ने प्रावधान छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले जुनसुकै विकास निर्माणका योजना तथा सार्वजनिक चासोका योजनामा सरकारी कार्यालय र स्थानीय तहले जानकारीमूलक सूचना पाटी राख्नुपर्ने व्यवस्था गरेको छ । जिल्लाका अधिकांश योजनामा यस्ता सूचनामूलक बोर्ड नदेखिएको योजना अनुगमनमा संलग्न अधिकारीहरु बताउछन ।

सुशासन ऐन २०६४ मा पाँच लाख रुपैयाँभन्दा बढी बजेटका आयोजना सञ्चालन गर्दा कहिले सुरु भएर कहिले अन्त्य हुने, लागत, निर्माण व्यवसायी वा उपभोक्ता समितिका विषयमा जानकारी दिन सूचना पाटी राख्ने व्यवस्था गरिएको छ ।

तर डडेल्धुरामा सञ्चालित अधिकांश योजनामा भने यस्तो नियमको परिपालना हुन सकेको छैन । 'गाउँमा योजना सञ्चालन भएका छन,' नेपाल पत्रकार महासंघ डडेल्धुरा शाखाका अध्यक्ष

बाँकी समाचार पेज तीनमा

सुदूरपश्चिममा भ्रष्टाचार बढ्दो

चालु आर्थिक बर्षमा छ सय ३२ उजुरी अख्तियारमा दर्ता

● देवभूमी डेस्क

डडेल्धुरा-सुदूरपश्चिम प्रदेशमा पछिल्लो समय भ्रष्टाचार बढ्दै गएको पाइएको छ ।

सुदूरपश्चिममा सार्वजनिक पदमा बसेर भ्रष्टाचार र आर्थिक अनियमितता गर्ने कर्मचारी एवं पदाधिकारीको संख्या दैनिक रुपमा बढ्न थालेको हो । संघ, प्रदेश र स्थानीय तहमा बसेर पदीय दुरुपयोग गरी कैफियत गर्ने कर्मचारी र पदाधिकारीविरुद्ध धमाधम उजुरी दर्ता हुनेक्रम बढेको छ ।

सुदूरपश्चिम प्रदेश कार्यक्षेत्र रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरमा पछिल्लो अवधीमा भ्रष्टाचार र आर्थिक अनियमितता भएका सन्दर्भमा उजुरीहरु बढ्दै गएको पाइएको छ । चालु आर्थिक वर्षको साउनदेखि हालसम्म कुल छ सय ३२ आर्थिक अनियमितता र भ्रष्टाचारका उजुरीहरु अख्तियारको कञ्चनपुर कार्यालयमा दर्ता भएका छन ।

सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरु र जिम्मेवार पदाधिकारीहरुले पदको दुरुपयोग गरेर अनुचित लाभ लिन खोजेको भन्दै उनीहरुविरुद्ध अख्तियारमा धमाधम उजुरी दर्ता भइरहेका छन । गत आर्थिक वर्षमा पनि यसैगरी प्रयाप्त उजुरी दर्ता भएका थिए। सार्वजनिक पदधारण गरेका व्यक्तिबाटै अनियमितता हुने गरेपछि सम्बन्धित स्थानीयहरु भ्रष्टाचारमा संलग्न व्यक्ति वा निकायहरुविरुद्ध कारबाहीको मागगर्दै अख्तियारमा उजुरी दिन थालेका छन ।

चालु आर्थिक वर्षको साउन महिनामा मात्र एक सय ७३ उजुरी कर्मचारी, जनप्रतिनिधि र विभिन्न संघ संस्थाको नाममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कञ्चनपुरस्थित कार्यालयमा दर्ता भएका थिए। भदौ महिनामा ८५, असोज महिनामा ८२, कात्तिक महिनामा ४१ र मंसिर महिनामा बढेर ९१ उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरमा दर्ता भएका छन ।

हरेक महिना कर्मचारी र पदाधिकारीविरुद्ध उजुरी पर्नेक्रम बढ्दो छ । पौष महिनामा ५१ र माघ महिनामा बढेर उजुरीको संख्या ७१ पुगेको छ । साथै फागुन महिना सुरु भएको १२ दिनको अवधिमा थप ३९ वटा उजुरी दर्ता भएका छन । अख्तियारमा यसरी उजुरी दर्ता नभएको कुनै दिन बाँकी छैन ।

भ्रष्टाचारविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता हुने क्रम बढे पनि भ्रष्टाचारमा संलग्न व्यक्ति वा निकायमाथी कारवाही भएको तथ्यांक भने निकै न्युन छ । भ्रष्ट व्यक्ति वा निकायलाई अख्तियारले अनुसन्धान गरेर कारवाही गर्नुपर्ने स्थानीय बताउछन ।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
सवारी परिक्षण कार्यालय
अतरिया, कैलाली

अन्तर प्रदेशीय बाटो इजाजत पत्र सम्बन्धि अत्यान्त जरुरी सूचना

नेपालको संबिधान, मन्त्रिपरिषदबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन तथा यस विभागको एकीकृत कार्य विवरण बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा सो सम्बन्धि नियमावली २०५४ समेतका आधारमा अन्तर प्रदेश यातायात व्यवस्थापन सम्बन्धि जिम्मेवारी यस विभाग तथा मातहतका कार्यालयहरुको रहेको हुँदा दुई वा सो भन्दा बढी प्रदेश भई सञ्चालन हुने वा नेपाल भरी सञ्चालन हुने सवारी साधनहरु (यात्रुवाहक /मालवाहक) को बाटो इजाजत पत्र, स्तर कायम, जाँचपास र प्रदुषण परीक्षण गर्ने अधिकार यातायात व्यवस्था विभाग मातहतका सवारी परीक्षण कार्यालयहरु टेंकु, इटहरी, हेटौडा, बुटवल र अत्तरियालाई मात्र भएको हुँदा अन्तर प्रदेश सञ्चालन हुने सवारी साधन (यात्रुवाहक/मालवाहक) हरुको अनिवार्य रुपमा उक्त कार्यालयहरुबाट अन्तर प्रदेशीय बाटो इजाजत पत्र लिएर मात्र सवारी साधनहरु सञ्चालन गर्नु/गराउन हुन अनुरोध छ। अनुगमनका क्रममा उक्त सवारी साधनहरुको अन्तर प्रदेशीय बाटो इजाजत पत्र नलिई सञ्चालन गरेको पाइएमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ तथा सो सम्बन्धि नियमावली, २०५४ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बालबालिकाहरूलाई दादुरा-रूबेला खोप लगाऔं ।

यही २०८० साल फागुन महिनाको १३ गतेदेखि १६ गतेसम्म डडेल्धुरा जिल्लाका सबै वडाहरुमा दादुरा-रुबेला खोप अभियान सञ्चालन हुँदैछ । यस अभियानमा ९ महिनादेखि ५ वर्ष मुनिका सम्पुर्ण बालबालिकालाई दादुरा-रुबेला रोगविरुद्धको खोप लगाईन्छ । त्यसैले आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रुबेला खोप लगाउन हुन अनुरोध छ ।

साथै यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट भएको नियमित खोप पनि लगाईने भएकोले खोप कार्ड लिई आउन हुन पनि अनुरोध छ । खोप अधियान सञ्चालन हुने मिति, समय र खोप केन्द्र रहने स्थानका बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयमसेविका वा वडाका जनप्रतिनिधिहरुबाट प्राप्त गर्न सकिन्छ । दादुरा-रुबेला रोग लागेको १ जना व्यक्तिले १८ जनासम्मलाई संक्रमण गर्न सक्छ । त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रुबेला खोप लगाऔं र नेपालबाट दादुरा-रुबेला रोग निवारण गरौं ।

जिल्ला खोप समन्वय समिति तथा स्वास्थ्य कार्यालय डडेल्धुरा

देवभूमी राष्ट्रिय दैनिक ई-पेपरमा पढ्न www.jhilkonews.com लग इन गर्नुहोस ।

महान वाणी

धर्म बिना विज्ञान लगंडो छ भने विज्ञान बिना धर्म अन्धो हुन्छ ।

-अल्वर्ट आइन्स्टाइन

सम्पादकीय

हिन्दु राज्यको माग र मुलुकको राजनीति

मुलुकको सबैभन्दा पाको र हालको अवस्थामा संसदको सबैभन्दा ठुलो दल नेपाली काँग्रेसको महासमिति बैठकमा मुलुकलाई हिन्दु राज्य बनाउने एजेण्डाले फेरि स्थान पाएको छ। संविधानसभामार्फत मुलुकको संविधान लेखनको प्रारम्भिक अवस्थादेखि नै नेपाललाई हिन्दूराष्ट्र कायमै राख्नुपर्ने माग जोडतोडले उठेको हो। संविधान निर्माणका क्रममा अत्यधिक बहुसंख्यक जनताको तर्फबाट यस्तो सुझावसमेत दिइएकै हो। तर, संविधान निर्माताहरूको कुनै अदृश्य बाध्यताले हो वा अरू कुनै निहित कारणले हो, नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएको छ । यसबाट सनातनीहरूले बहुसंख्यक जनतालाई ठगिएको र अन्याय भएको महसुस गरिरहेका छन भने कुत्सीत स्वार्थद्वारा प्रेरित कथित धर्मनिरपेक्षतावादीहरूले चाहिँ अराजक ढंगले चलखेल गर्ने अवसरका रूपमा लिएका छन ।

ध्रुवसत्यचाहिँ के हो भने संविधानमा लेखिए पनि वा नलेखिए पनि नेपाल सनातन बहुल राष्ट्र थियो र अझै कायम छ। धार्मिक स्वतन्त्रताको कुरा गर्ने हो भने सबै धर्म सम्प्रदायलाई आ-आफ्नो आस्था र विश्वासनुसार अभ्यास गर्ने पूर्ण स्वतन्त्रता थियो । एकतन्त्रीय तानाशाही व्यवस्था हुँदा पनि कसैको यो हक खोसिएको थिएन। प्रचण्ड बहुमतमा रहेको सनातनी बहुसंख्यक जनताले वास्तवमा सम्पूर्ण अल्पसंख्यक समुदायको सम्मान र संरक्षण गर्दै आएको नेपाली समाजको इतिहास छ। सनातनीले यो सनातन बहुल राष्ट्र हो भन्ने तथ्यलाई अंकित मात्र गर्न खोजेका थिए, कसैको हक खोस्न खोजेका थिएनन्। तर, यति सब हुँदाहुँदै र बहुसंख्यक जनताले सनातनी बहुल राष्ट्र हो भन्ने उल्लेख गर्न खोज्दाखोज्दै पनि 'धर्मनिरपेक्ष' नामको बनावटी गहना किन भिर्नुपरेको ? प्रश्न अनुत्तरित छ।

तात्विक रूपमा नेपाल सनातन बहुल राष्ट्र थियो र छ भने किन सनातनी भनेर किटेर लेख्नुपरेको त ? धर्मनिरपेक्ष भनेर लेखिँदा पनि के पो फरक परेको छ र ? यस्ता प्रश्न पनि उठ्न सक्छन। हिन्दू वा सनातन राष्ट्र खोज्नेहरूबाट जवाफ खोजिएला ! अझ 'राज्यको धर्म हुँदैन' भन्ने अत्यन्तै उदारवादी लोकतान्त्रिक नारा पनि उचालिएला । सतही रूपमा हेर्दा र सुन्दा यी प्रश्नको जवाफ पनि सहज नहोला । संविधान जारी भएको दिनदेखि नै उठेका असन्तुष्ट आवाजहरू पछिल्ला दिनमा झनै घनिभूत हुँदै जानुको पछाडि कुनै गहिरै रहस्य वा कारण पो लुकेको छ कि ? नेपाल धर्मनिरपेक्ष घोषित भएपछि र नयाँ संविधान जारी भएपछिका समग्र परिदृश्यलाई केलाउने हो भने अत्यन्तै शंकास्पद क्रियाकलापहरू भएको देखिन्छ।

धर्मनिरपेक्षता वास्तवमा राज्यको वा समाजको पहिचान झल्काउने बिम्ब मात्र हो, कसैको पहिचान मेटाउने अस्त्र वा अधिकार पटक्कै होइन । तर, यहाँ त्यसलाई बहुसंख्यकको पहिचान धुमिल गर्ने, बदनाम गर्ने, मेटाउने र कालान्तरमा आयातीत संस्कृतिको बाहुल्यता कायम गर्ने अस्त्रका रूपमा प्रयोग गरिन थालिएको छ। बहुसंख्यक नेपालीलाई आफ्नो पहिचान रक्षाका लागि हिन्दूराष्ट्र चाहिएको हो भने विधिमार्फत मुलुकलाई हिन्दुराष्ट्र कायम गराउनु पर्छ।

कुशल नेतृत्वको पखाईमा सुदूरपश्चिम विश्वविद्यालय

✍ डा. हरिचन्द्र कमली

सन् २०१० तिर स्थापना भएको सुदूरपश्चिम विश्वविद्यालय (सुपविवि) अझै संघर्षरत छ । विश्वविद्यालयले निकै ठूला चुनौतीको सामना गरिरहेको छ । जसलाई समाधान गर्न नसकेसम्म यो विश्वविद्यालय प्राज्ञिक जगतमा स्थापित हुन सक्ने देखिँदैन ।

औपचारिक रूपमा ६ दशक नाघिसक्दा पनि नेपालको उच्च शिक्षा अझै पनि विश्व प्राज्ञिक जगत्मा स्थापित हुन सकिरहेको छैन । यो झन्-झन् समस्याग्रस्त हुँदै गएको देखिन्छ । यसको दृष्टान्तमा हाम्रो सबैभन्दा पुरानो र ठुलो त्रिभुवन विश्वविद्यालय (२०१६ सालमा स्थापित)लाई लिने गरिन्छ । देशका अन्य विश्वविद्यालयको हकमा त्रिविविको अवस्था नाजुक छ ।

यता, काठमाडौं विश्वविद्यालयले आफूलाई स्थापित गर्दै गरेको देख्न सकिन्छ, तर यसले नेपालको उच्च शिक्षाको ज्यादै थोरै हिस्सा मात्र ओगटेको छ। केही पुराना पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले पनि आफूलाई प्राज्ञिक जगतमा स्थापित गर्न सकिरहेका छैनन् । मूलतः यी विश्वविद्यालय अन्य उच्च शैक्षिक संस्थालाई सम्बन्धन दिँदै आफ्नो मातहतमा ल्याएर उच्च शिक्षाको प्रशासनिक उच्च निकायका रूपमा मात्रै चल्दै आएका छन ।

सन् २०१० तिर स्थापना भएका सुदूरपश्चिम विश्वविद्यालय (सुपविवि) र मध्यपश्चिम विश्वविद्यालय अझै संघर्षरत छन । अर्थात् यी विश्वविद्यालयले निकै ठूला चुनौतीको सामना गरिरहेका छन, जसलाई समाधान गर्न नसकेसम्म यिनीहरू प्राज्ञिक जगतमा स्थापित हुन सक्ने देखिँदैन । त्यसपछि स्थापना भएका अन्य विश्वविद्यालयको केही भन्न सकिने अवस्था छैन ।

झन्डै दुई दशकदेखि सुदूरपश्चिम क्षेत्रमा रही यहाँको उच्च शिक्षामा सेवा गरिरहेको र २०७७ सालपश्चात् सुपविविको आंगिक क्याम्पसमा प्राध्यापन गर्दै आएको अनुभव यस पंक्तिकारसँग छ । यसै आधारमा यहाँ सुपविविको भावी नेतृत्वले विशेष ध्यान दिनुपर्ने सवालहरूको चर्चा गर्दैछु ।

सेमेस्टर प्रणाली

सेमेस्टर प्रणालीलाई उच्च शैक्षिक संस्थामा अत्यधिक प्रचलनमा आएको गुणस्तरीय शैक्षिक प्रणालीका रूपमा लिइन्छ। त्यसैले होला, नेपालका विश्वविद्यालयले पनि यस प्रणालीलाई निकै जोड दिएका छन । सुपविविले त आफ्ना सबै शैक्षिक कार्यक्रमलाई सेमेस्टर प्रणालीमै सञ्चालन गर्दै आएको छ, अभ्यासका आधारमा भन्ने हो भने सेमेस्टर प्रणाली अनुरूपका कार्य न्यून स्तरमा भएका देखिन्छन ।

यो सहज शिक्षण प्रणाली हुँदाहुँदै पनि झन् जटिल र असहज बन्दै गएको देखिन्छ । यसैले होला, विद्यार्थीको उत्तीर्ण औसत पनि न्यून छ। यसर्थ सुपविविका सबै सङ्कायमा अनिवार्य रूपमा यो प्रणाली लागू गरिनु कति औचित्यपूर्ण छ ? यो सवाल निकै सान्दर्भिक देखिन्छ । यसर्थ, यस प्रणालीका बारेमा थप अध्ययन गरी गम्भीर रूपमा छलफल गर्दै सुधार गर्नुपर्ने देखिन्छ ।

प्राध्यापक व्यवस्थापन

सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा अवस्थित सामुदायिक क्याम्पसहरूलाई समायोजन गरी सुपविवि बनाइएको हो र यो प्रक्रिया अझै जारी छ । यो अवस्थामा विभिन्न अवस्था र स्तरमा रहेका प्राध्यापकहरूको उचित व्यवस्थापन अझै पनि चुनौतीपूर्ण छ ।

स्थायी सेवा गर्दै आएका प्राध्यापकको हकमा यो कार्य सहज रहे पनि करार र आंशिक सेवाका प्राध्यापकको उचित व्यवस्थापन त्यति सहज देखिँदैन, किनकि राज्यको उच्च शिक्षामा लगानी निकै कम छ । विश्वविद्यालयलाई आवश्यक पर्ने प्राध्यापक व्यवस्थापनका लागि राज्यसँगै लड्नुपर्ने देखिन्छ, जुन कुरा हालसम्मको अनुभवले त्यति सहज देखिएको छैन, तर प्राध्यापक तथा कर्मचारीको उचित व्यवस्थापन अविलम्ब सम्बोधन गर्नुपर्ने देखिन्छ ।

पाठ्य सामग्री तथा पाठ्य पुस्तकको अभाव

प्रत्येक विश्वविद्यालयको आफ्नै शैक्षिक कार्यक्रम र त्यसैअनुरूपको पाठ्यक्रम हुनु स्वाभाविक हो, तर हाम्रो सन्दर्भमा पाठ्यक्रममा समावेश गरिएका कतिपय सन्दर्भ स्रोत सहज उपलब्ध छैनन्। कतिपय विद्यार्थीको इन्टरनेटको प्रयोग गरेर पढ्ने बानी छैन, कतिपय विद्यार्थी इन्टरनेटको पहुँचबाटै वञ्चित छन, यसकारण विद्यार्थीलाई आवश्यक पाठ्य सामग्री वा सन्दर्भहरु कसरी सहज रुपमा उपलब्ध गराउन सकिन्छ भन्नेतर्फ ध्यान जान अत्यावश्यक छ।

शिक्षण सिकाइ विधि

शैक्षिक गुणस्तरको सुनिश्चित गर्ने मुख्य आधार भनेकै शिक्षण सिकाइ विधि र क्रियाकलाप हुन् । शिक्षक केन्द्रित विधि अनुत्पादक भएको प्रस्टिएपछि विद्यार्थीकेन्द्रित विधिको प्रयोग नै महत्वपूर्ण मानिन्छ र हो पनि । विद्यार्थीकेन्द्रित शिक्षण विधि भएका कारण नै सेमेस्टर प्रणाली विश्वभरि स्थापित छ ।

विडम्बना, हामीकहाँ शैक्षिक कार्यक्रममा त सेमेस्टर प्रणाली आयो, तर शिक्षण विधि र क्रियाकलापको प्रयोग भने उही पुरानै शिक्षककेन्द्रित छ। जस कारण हामीले प्रयोग गरेको सेमेस्टर प्रणालीमै प्रश्न उठ्न थालेको छ, वास्तवमा हामीले प्रयोग गरेको प्रणाली 'हाइब्रिड सेमेस्टर' भएको छ। यसका बारेमा गहन अध्ययन, अनुसन्धान र छलफल जरुरी देखिन्छ ।

मूल्याङ्कन प्रक्रिया

अध्ययनको विषयवस्तु, शिक्षण विधि तथा सिकाइ क्रियाकलाप र मूल्याङ्कनबिचको उचित समन्वय हुन नसक्दा पनि विश्वविद्यालयको शैक्षिक गुणस्तरमा नकारात्मक असर पर्न जान्छ। विशेषगरी सेमेस्टर प्रणालीमा विद्यार्थीको आन्तरिक मूल्याङ्कन निरन्तर चलिरहन्छ । अन्तिम मूल्याङ्कनमा पनि सेमेस्टर प्रणालीको भूमिका महत्वपूर्ण (४० वा ५०

बाँकी विचार पेज तीनमा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा

सवारी साधनको स्वामित्व दाबी गर्न आह्वान गरिएको सूचना

सूचना प्रकाशित मिति : २०८०/११/११

जिल्ला प्रहरी कार्यालय डडेल्धुरा तथा मातहतसमेतको कम्पाउण्ड हाताभित्र विभिन्न समयमा विविध कारणले प्रहरी नियन्त्रणमा रहेका, स्वामित्व नखुलेका तथा कुनै कागजात नभेटिएका पुराना सवारी साधनहरुको कानूनी पक्रिया पुरा गरी व्यवस्थापन गर्नुपर्ने भएकाले सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धि कार्यविधी २०७९, परिच्छेद ३ को नियम २० बमोजिम यो सूचना देवभूमी राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ। जिल्ला प्रहरी कार्यालय डडेल्धुराको फेसबुक पेज https://www.facebook.com/DPODadeldhura वा यस कार्यालयको तपसिलको QR कोडमा राखिएको हुँदा उल्लेखित नम्बर भएका सवारी साधनहरु हाल वेवारिसे अवस्थामा रहेकोले उक्त सवारी साधनहरुको कागज पत्रसहित स्वामित्व दाबीको निमित्त जो कोही सवारी धनीहरु सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा सम्पर्क राखी स्वामित्व दाबी गर्न अनुरोध गरिन्छ ।

सूचना हेर्न यो QR कोड स्क्यान गर्न सकिन्छ ।

SCAN ME

बालविवाह रोक्दै धामी

● हरिना भट्ट

पाटन-सामाजिक कुरुती र अन्धविश्वासका बिरुद्ध क्रियासिल पाटन नगरपालिकाको प्रतिष्ठित धामी समूहलाई बालविवाह तथा लैङ्गिक हिंसा रोक्न सक्रिय पारिन थालिएको छ ।

ग्रामीण भेगमा धामी झाँक्रीका कुरामा विश्वास गरिने भएकाले बालविवाह तथा लैङ्गिक हिंसा नियन्त्रण गर्न यस्तो उपाय अपनाइएको हो । सामाजिक विकास कार्यालय बैतडीको अगुवाइमा पाटन नगरपालिकामा गठन गरिएको प्रतिष्ठित धामी समूहले बालविवाह जस्ता प्रचलन नियन्त्रणका लागि धामीझाँक्रीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

सामाजिक विकास कार्यालय बैतडीका प्रमुख शङ्करदत्त जोशीका अनुसार प्रतिष्ठित धामी समूहले जिल्लाका विभिन्न पालिकामा पुगेर सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। बालविवाह र लैङ्गिक हिंसाका कारण पर्ने असरका विषयमा धार्मिक अगुवाले जानकारी दिनुपर्ने भएकाले आफूहरू सचेतना अभियानमा सहभागी भएको प्रतिष्ठित धामी समूहका सचिव हरिप्रसाद जोशीले बताए ।

सामाजिक विकास कार्यालय बैतडीका प्रमुख जोशीकाअनुसार बैतडीमा अभिभावकहरुको जोडबलमा अझै ४२ प्रतिशत बालविवाह हुने गरेको छ ।

कुशल नेतृत्वको पखाईमा सुदूरपश्चिम .....

प्रतिशतसम्म) रहन्छ, त्यसैले सेमेस्टर प्रणालीलाई कतिको प्रभावकारी रूपमा प्रयोग गरिएको छ भन्ने पक्षमा ध्यान दिन आवश्यक हुन्छ। सुपविविको सन्दर्भमा सेमेस्टर प्रणालीको अवस्था कस्तो छ र अझै कसरी सुधार गर्न सकिन्छ भन्नेबारे गम्भीरतापूर्वक लाग्नुपर्ने देखिन्छ।

अनुसन्धान र नवप्रवर्तन कार्यहरु

उच्च शिक्षाको प्रमुख दायित्व भनेकै अनुसन्धान तथा नवप्रवर्तनमा केन्द्रित हुनु र त्यसबाट विविध क्षेत्रमा नयाँ ज्ञान वा प्रविधिको आविष्कार र विकास गर्दै जानु हो । यस प्रमुख कार्यभारबाट हाम्रा विश्वविद्यालय पन्छिदै गएका छन, यो कार्यभार सन्तोषजनक नभएको अवस्था छ।

भर्खरै एक दशक पारगर्दै गरेको सुपविविजस्ता विश्वविद्यालयले त यसका लागि थुप्रै कार्य गर्नुपर्ने देखिन्छ। यससँग सम्बन्धित प्रमुख तीन समस्या देखिन्छन-१) डा. महावीर पुनले भनेजस्तै हामीकहाँ खोज तथा नवप्रवर्तनको संस्कार छैन । २) पुँजीको अभाव छ। ३) विज्ञताको अभाव छ। यसतर्फ नेतृत्वले ध्यान दिनुपर्छ ।

हामीले देशको विभिन्न क्षेत्रका आवश्यक जनशक्ति उत्पादन गर्न सकिरहेका छैनौं, उत्पादित केही दक्ष जनशक्ति पनि विदेश पलायन भएका छन। हाम्रो परिवेश (हावा, पानी, माटो, वनस्पति तथा अन्य प्राकृतिक स्रोतहरू) अनुसारको उद्योग व्यवसाय खुल्छन र सो अनुसार प्रविधिको पनि विकास तथा प्रयोग गरिन्छ भने उत्पादित दक्ष जनशक्तिलाई देशभित्रै आकर्षक रोजगारी दिन सकिन्छ ।

यसो हुँदा देशको साधन-स्रोतको उचित व्यवस्थापन हुँदै जान्छ र त्यसका लागि आवश्यक जनशक्ति उत्पादन गर्नुपर्ने हुन्छ। यो अवस्थामा सुपविविजस्ता विश्वविद्यालयले प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनुपर्ने हुन्छ, जुन चुनौतीपूर्ण छ ।

साझेदारी प्रवर्द्धन

उच्च शिक्षाको दायरा धेरै व्यापक छ, यसको पूर्णता सम्भव छैन र त यो विकास हुँदै जान्छ। यसर्थ, उच्च शिक्षाको यसै स्वरूपअनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालयको स्थापना भएका हुन। त्यसकारण कुनै पनि विश्वविद्यालयले आफ्ना कार्यक्रम तथा सम्बन्धित प्राध्यापक, कर्मचारी र विद्यार्थीलाई देशभित्र वा बाहिर रहेका अन्य विश्वविद्यालयसँग सहकार्य गर्न आवश्यक हुन्छ ।

यसप्रकारको साझेदारी उच्च शैक्षिक संस्थासँग मात्र नभएर राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका अन्य सबै सरकारी र गैरसरकारी संस्थासँग पनि गर्नुपर्ने देखिन्छ। यो आवश्यकता र औचित्यका आधारमा निर्धारण हुने कुरा हो। सुपविविजस्ता हुर्कदै गरेका विश्वविद्यालयले त यसका लागि धेरै नै काम गर्नुपर्ने देखिन्छ ।

विविध

विश्वविद्यालयको दायरा र दायित्व अत्यन्तै फराकिलो छ। यसर्थ, सुपविविको नेतृत्वले गर्नुपर्ने थुप्रै कार्य छन । विश्वविद्यालयसँग रहेको भौतिक र प्राज्ञिक साधन-स्रोतको अधिकतम सदुपयोग गर्न आवश्यक छ। अर्कोतिर भौतिक र प्राज्ञिक साधन-स्रोतको प्रयोगलाई कसरी वृद्धि गर्ने भन्नेमा पनि ध्यान जान आवश्यक छ ।

विश्वविद्यालयले विभिन्न निकायहरूको निर्माण गर्दै सम्बन्धित क्षेत्रमा काम गर्नका लागि स्वायत्तता प्रदान गर्ने गर्छ। सुपविविमा पनि यस्ता निकाय स्थापित भएका छन । अब ती निकायलाई कसरी प्रभावकारी बनाउने र अन्य आवश्यक निकायको स्थापना र विकास कसरी गर्ने भन्ने कार्यभार पनि उत्तिकै महत्वपूर्ण र चुनौतीपूर्ण देखिन्छ ।

नेपालको उच्च शिक्षा तथा विश्वविद्यालय अपेक्षित रूपमा अघि नबढेको तथ्य सबैका सामु प्रस्ट नै छ र यसै तथ्यलाई मध्यनजर गर्दै नेपाल सरकारले सुधारका लागि कदम चालिरहेको देखिन्छ । यसप्रकारको उच्च शिक्षा सुधारको प्रयासमा साथ दिनु हामी सबैको कर्तव्य हो भने झन् उच्च शिक्षामा प्रत्यक्ष संलग्न र नेतृत्व गर्ने प्राज्ञिक व्यक्ति, प्राध्यापकहरूको त प्रमुख जिम्मेवारी नै हो ।

लेखको सन्दर्भ विशेषगरी सुपविवि भए पनि, यी चुनौती तथा कार्यभार नेपालका सबै विश्वविद्यालयका साझा हुन्, मात्र धेरै वा थोरै भन्ने हो । सुपविविका लागि यी समस्या निकै चुनौतीपूर्ण रहेको यस पंक्तिकारको ठम्याइ हो । तथापि यी चुनौतीको सामना गर्दै समाधान उन्मुख हुनु हाम्रो दायित्व हो । (लेखक सुपविवका सहप्राध्यापक हुन ।)

योजनास्थलमा ....

हिक्मतबहादुर सिंहले भने, 'काम गरेको देखिएको छ। तर सूचना पार्टी राखिएको छैन । योजनाबारे पारदर्शीरुपमा त्यस्तो सूचनाको प्रवाह भएको पाइएन ।'

पारदर्शिता अवलम्वन गर्ने विषयमा जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरुको बेवास्ता देखिएको स्थानीयको गुनासो छ।

तपाईको आज

- मेष : लगानसिलतामा कमि
- वृष : नियमित खर्च बढ्ने
- मिथुन : नयाँ कार्य आरम्भ हुने
- कर्कट : लाभदायक यात्रा हुने
- सिंह : निर्णय लिन कठिनाई
- कन्या : प्रतिष्पर्धामा सफलता
- तुला : रकम डुब्ने सम्भावना
- वृश्चिक : सम्मान मिल्ने समय
- धनु : कसिलो प्रेम सम्बन्ध
- मकर : नयाँ कुरा सिक्न पाइने
- कुम्भ : मालसमान प्राप्त हुने
- मीन : स्वास्थ्यमा सुधार हुने

◆ **यस कार्यालयबाट निर्माण गरिने सिँचाई तथा जलश्रोत विकासका हरेक योजनाहरुमा गुणस्तर र पारदर्शिता अवलम्वन गरौं । सार्वजनिक लेखा परिक्षण गरेर मात्रै सिँचाई योजनाको भुक्तानी माग गर्ने बानी बसालौं । प्रकृयागत ढंगबाट आवश्यकताका आधारमा योजना माग गरौं ।**

◆ **सिँचाई योजनाहरुलाई प्रभावकारी र उपलब्धीमुलक बनाउन लक्षित समुदायका सबै उपभोक्ताहरु सक्रिय रुपमा सहभागी बनौं । सिँचाई योजना निर्माण कार्यमा जनसहभागिता बढाऔं ।**

◆ **सिँचाई योजनाहरु समयमै सम्पन्न गरेर सिँचाई सुविधा बढाऔं, कृषि उत्पादनमा आत्मनिर्भर बन्न व्यवसायीक कृषिमा जुटौं । व्यवसायीक कृषि उत्पादनमा जोड दिदै आत्मनिर्भर बन्ने प्रयत्न गरौं ।**

◆ **मर्मत सम्भार कोष स्थापना गरेर सिँचाई योजनाहरुको मर्मत, सम्भार र संरक्षण गरौं ।**

◆ **निर्माण गरिएका सिँचाई योजनाहरुको दिगोपनाका लागि बेलैमा सोच्ने गरौं । योजना कार्यान्वयन गर्दा पारदर्शी रुपमा काम गरौं । सिँचाई योजना निर्माणका क्रममा आर्थिक अनियमिता भएको देखिएमा तत्काल जलश्रोत तथा सिँचाई डिभिजन कार्यालय डडेलधुरामा खबर गरौं ।**

◆ **सिँचाई योजनाहरुको संरक्षण सम्वर्द्धन गरौं । नदी र खोलाले क्षति पुऱ्याउने स्थानमा तटबन्ध निर्माण गरेर उब्जाउ योग्य जग्गा कटानी हुनबाट जोगाऔं । माटो पानी जोगाऔं, हरियाली बढाऔं ।**

जलश्रोत तथा सिँचाई डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

शैलेश्वरमा ट्रस्ट पुल निर्माण

● देवभूमी सम्वाददाता

अमरगढी नगरपालिकाको शैलेश्वर खोलामाथि ट्रस्ट पुल निर्माण गरिएको छ।

अमरगढी नगरपालिका र नवदुर्गा गाउँपालिकाको सिमानामा रहेको शैलेश्वर खोलामा ३७ लाख आठ हजार रुपैयाँ बराबर लागतमा ट्रस्ट पुल निर्माण गरिएको हो। अमरगढी नगरपालिका-७ र नवदुर्गा गाउँपालिका-१ का बस्तीहरुलाई जोड्ने खोलामा पुल निर्माण भएसगै स्थानीयलाई आउँजाउँ गर्न सहज भएको छ।

पुल निर्माणको काम सम्पन्न भएपछि शनिबार जिल्ला समन्वय समिति डडेल्धुराका प्रमुख गगनसिंह भण्डारी र अमरगढी नगरपालिकाका प्रमुख डिल्लीराज जोशीले पुलको उद्घाटन गरेका छन। स्थानीय सल्लागाउँ वासीको माग भई आए अनुसार पुलको निर्माण गरिएको जिल्ला समन्वय समिति प्रमुख भण्डारीले बताए।

कृषिउपजको बजारीकरण र वनजंगल जान सहजताका लागि पुल निर्माण गरिएको र स्थानीयलाई निकै राहात हुने उनले बताए । अमरगढी नगरपालिका भित्रका खोलाहरुमा स्थानीयको आवश्यकता अनुसार पुल निर्माण भईरहेको नगरप्रमुख जोशीले बताए। हाल वडा नं. ८ र नवदुर्गा गाउँपालिका जोड्ने पुल निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ।

सुपथ मुल्यमा भरपर्दो उपचारका लागि
चिरञ्जीवी पोलि क्लीनिक
पुरानो रेडक्रस भवन, बागबजार, बगरकोट रोड, डडेल्धुरा, फोन नं. ०९६-४२०७८०
यस पोलिक्लिनिकबाट उपलब्ध सेवाहरु
♦ २४ सै घण्टा आकस्मिक (ईमर्जेन्सी) सेवा।
♦ ओ.पी.डि. सेवा।
♦ सुविधा सम्पन्न आधुनिक ल्याव सेवा।
♦ महिला डाक्टरद्वारा महिलाहरुको चेकजाँच।
♦ बिभिन्न रोगको निःशुल्क परामर्श सेवा।
♦ नियमित गर्भजाँच, सुत्केरी जाँच गराईने।
डा. निर्मला भट्ट

फोन नं. ०९६-४२०७८०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा

सवारी साधनको स्वामित्व दाबी गर्न आह्वान गरिएको १५ (पन्ध्र) दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/११/११

प्रस्तुत सम्बन्धमा जिल्ला प्रहरी कार्यालय डडेल्धुरा तथा मातहतसमेतको कम्पाउण्ड हाताभित्र बिभिन्न समयमा विविध कारणले प्रहरी नियन्त्रणमा रहेका, स्वामित्व नखुलेका तथा कुनै कागजात नभेटिएका पुराना सवारी साधनहरुको कानूनी पक्रिया पुरा गरी व्यवस्थापन गर्नुपर्ने भएकाले सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धि कार्यविधी २०७९ परिच्छेद ३ को नियम २० बमोजिम अविलम्ब लिलाम बिक्री गर्ने प्रक्रिया अगाडी बढाउनु पर्ने भएकोले बिभिन्न समयमा विविध कारणले प्रहरी नियन्त्रणमा रहेका, स्वामित्व नखुलेका तथा कुनै कागजपत्र नभेटिएका पुराना सवारी साधनहरुको विवरण निम्न बमोजिम उतार गरी देवभूमी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। सूचनामा उल्लेखित नम्बर भएका सवारी साधनहरु हाल वेवारिसे अवस्थामा रहेको हुँदा उक्त सवारी साधनहरुको कागज पत्रसहित स्वामित्व दाबीको निमित्त जो कोही सवारी धनीहरु सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा सम्पर्क राखी सवारी साधन व्यवस्थापन गर्ने कार्यमा सहयोग गरिदिन हुन यो सूचना प्रकाशित गरिएको छ।

निम्न

सि.नं.	सवारी किसिम	सवारी दर्ता नम्बर	चेसिस नम्बर	इन्जिन नम्बर	कै.
१	TVS अपाची	म २ प ३१४२	MD634KE66A2L34588	खियाले नदेखिएको	
२	हिरो होन्डा	सु.प.प्र.०१००८प९६८७	MBLHAW123HH861679	HAIIFYMHB56560	
३	TVS अपाची	सु.प.प्र. से ६ प ४२०४	MD634BE49J2V13620	VE4VJ2911191	
४	FZ	सु.प.प्र.०१००९ प८०९८	MEIRG4451M0076286	G3J3E0537481	
५	पल्सर २२० सिसी	सु.प.प्र.०१०११प १३२७	MD2A3IEY3HCF65688	DKYCHF55130	
६	नखुलेको	नम्बर प्लेट नभएको	MD2DSJNZZCK26231	खियाले नदेखिएको	
७	HONDA	नम्बर प्लेट नभएको	ME4JC361K68014944	खियाले नदेखिएको	
८	नदेखिएको	से ४ प ७९८७	WU2A36FZ000004403	खियाले नदेखिएको	
९	पल्सर २२० सिसी	म २ प ६९८०	MD2A13FY3HCB42481	HI-291-9E17-B	

कार्यालय प्रमुख
(दिपक कुमार कार्की)
प्रहरी नायव उपरीक्षक

आलिताल गाँउपालिकाको अनुरोध

- जन्म, मृत्यु, बिवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु घटना भएको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गराऔं।
- विद्यालय जाने उमेर समुहका बालबालिकाहरुलाई बिद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सफा राखौं। खानेपानी शुद्धिकरण गरेर मात्रै पिउने बानीको विकास गरौं।
- बालविवाह सामाजिक अपराध भएकाले बालविवाह नगरौं। २० बर्ष उमेर पार गरेपछि मात्रै विवाह गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं।
- पुराना पोखरी, कुवा र पानीका श्रोतहरुको संरक्षण सम्वर्द्धन गरौं।
- सम्भावित स्थानहरुमा पोखरी निर्माणगरि पानीका मुहानहरु प्रवर्द्धन गरौं।
- आफ्नो पायकपर्ने स्थानको सडकको छेउछाँउमा घाँस तथा अन्य बिरुवा रोपी हरियाली बनाऔं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं। बर्षातका बेला बग्ने भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्रावधिक सल्लाह बमोजिम उन्नत बिउबिजनको प्रयोगगरि कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरौं।
- आफ्नो क्षेत्र र समुदायमा रहेका सम्भावित पर्यटकीयस्थलहरुको संरक्षण सम्वर्द्धन र विकासमा योगदान पुगाउदै पर्यटन पर्वद्धनमा टेवा पुगाऔं।
- सडक छेउछाउमा घर निर्माण नगरौं। नक्सा पास गरेर मात्र घर निर्माण गरौं।
- घर अगाडिको सडक सफा राखौं। पालिकालाई स्वच्छ बनाउन सहयोग गरौं।
- आलिताल गाउँपालिका गाँउपालिकाबासीहरुलाई प्रचलित कानून प्रद्रत हरेक सेवा दिन तयार रहेकोछ। त्यसैले सेवाका लागी हातमा हात बढाएर अघि बढौं।
- आलिताल गाउँपालिकाद्वारा गरिने विकास निर्माणका कार्यहरुमा अनियमितता र मनोमानीका साथै भ्रष्टाचार भएको शंका भएमा तुरुन्त गाँउ कार्यपालिकाको कार्यालयमा उजुरी दिई जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गरौं।
- आवश्यक कागजात र प्रकृया पुरागरेर गाँउपालिकाको सेवा सहजै प्राप्त गर्नुहोस्।
- भ्रष्टाचाररहित समाजको निर्माण गरौं। शुशासन प्रवर्द्धन गर्न हातेमालो गरौं।
- गाँउपालिकास्तरमा कृयासिल सबै निकायहरु समन्वय र सहकार्यकासाथ प्रभावकारी र उपलब्धीमुलक रुपमा योजना कार्यान्वयन गरौं। जातीय विभेद र लैगिंक हिंसाको अन्त्य गरौं। समावेशी र सुसंस्कृत समाज निर्माणमा जुटौं।

मैना कुमारी रावल
उपाध्यक्ष

नरेन्द्रसिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

शेरसिँह पार्की
अध्यक्ष

आलिताल गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय भिमदत्तपुर आलिताल, डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- **माटो पानी जोगाऔं, हरियाली बढाऔं। पहिरो जानसक्ने र बाढीले भूक्षय हुनसक्ने स्थानहरुमा सबै मिलेर वृक्षारोपण गरौं। हरियाली बढाएर भू क्षय हुनबाट माटोलाई जोगाऔं।**
- **खोल्साखाल्सीहरुमा वृक्षारोपणसँगै तटबन्ध निर्माण गरौं। समुदायस्तरमा अल्पिकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरेर बाढी र पहिरोको जोखिम न्युनीकरणमा योगदान पुऱ्याऔं।**
- **योजना कार्यान्वयनमा ढिलासुस्ती र लापरवाही नगरौं। यस कार्यालयसँग भएको सम्झौता अबधिमै विकास निर्माणका योजनाहरु गुणस्तरीय रुपमा काम सम्पन्न गरेर फरफारक गरौं।**
- **यस कार्यालयसँग सम्झौता भई कार्यान्वयन भईरहेका योजनाहरुमा पारदर्शिता अवलम्वन गरौं। सामाजिक लेखा परिक्षण सम्पन्न गरेर मात्रै अन्तिम किस्ता भुक्तानी माग गरौं।**
- **बाढी र पहिरोको विपद्बाट जोगिन अल्पीकरण सम्बन्धि कार्यक्रमहरु कार्यान्वयन गरौं।**
- **बाढी र पहिरोको विपद् व्यवस्थापन, पुर्व तयारी र प्रतिकार्य योजना तर्जुमागर्दै प्रभावकारी रुपमा कार्यान्वयन गरौं। विपद्बाट हुनसक्ने क्षति न्युनीकरणमा योगदान पुऱ्याऔं।**

भू तथा जलाधार
व्यवस्थापन कार्यालय
डडेल्धुराद्वारा जनहितमा
जारी सन्देश

भिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि.का लागि **गोपाल थापाद्वारा** प्रकाशित न्यू कैलपाल प्रिन्टिङ प्रेसद्वारा मुद्रित सम्पादक : **गणेशबहादुर मगर**
कार्यालय: अमरगढी न.पा.-५ डडेल्धुरा सम्पर्क नं. ९८४८७६५७५३ **Email :** devbhumeenews@gmail.com, प्रधान सम्पादक:**राम धामी**